**रिभर फल्स पावर लिमिटेडको**
**सातौ र आठौ वार्षिक साधारण सभाको**
विवरण (माइन्यूट)

**१. बैधानिक सभा :**

यस कम्पनीको कार्यसमितिको मिति २०८०/१२/२८ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार आज मिति २०८१ साल बैशाख महिना २० गते बिहिबार यस रिभर फल्स पावर लिमिटेडको सातौ र आठौ वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष सुभाष अमात्यज्यूको अध्यक्षतामा बैठक वसी देहाय वमोजिमको काम कारवाही सुसम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :**

मिति : २०८१ साल बैशाख महिना २० गते बिहिबार (तदनुसार May 02, 2024)

स्थान : लिसरा रिसेप्सन नक्शाल, काठमाण्डौं

समय : बिहान ११:०० बजे

**३. सभाको सूचना प्रकाशन:**

कम्पनी ऐन, २०६३ को प्रावधान अनुरुप यो कम्पनीको आर्थिक वर्ष आ.व. २०७८/०७९ र २०७९/०८० सम्मको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई पठाउनुको साथै सो को सूचना मिति २०८०/१२/२९ र ३० गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो ।

**४. छलफलको विषय सूची :**

वार्षिक साधारण सभाको छलफलका विषयहरु :

**क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने २०७८/७९ र २०७९/०८० को बार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्ने ।

२. आर्थिक वर्ष २०७८/७९ र २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरुमा छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/०८० का लागि लेखापरिक्षको नियुक्तिको अनुमोदन र २०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४. सर्वसाधारण शेयरधनीहरु बाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

५. संचालकहरुको पारिश्रमिक, बैठक भत्ता तथा सुविधा सम्बन्धमा ।

६. संचालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

१. प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

२. हाल कायम चुक्ता पूँजीको १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा ।

३. हकप्रद शेयर प्रयोजनको लागि अधिकृत जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

४. प्रबन्धपत्र तथा नियमावली र हकप्रद शेयरको सम्बन्धमा नियामक निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

**ग ) विविध ।**

**५. उपस्थितिः**

संचालक उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री सुभाष अमात्य | अध्यक्ष |
| २. | श्री दिनेश गुरुङ्ग | प्रबन्ध संचालक |
| ३. | श्री मित्रलाल श्रेष्ठ | संचालक |
| ४. | श्री सैला श्रेष्ठ | संचालक |
| ५. | श्री यज्ञ प्रसाद सुवेदी | संचालक |
| ६. | अनिल बन्जारा | संचालक |
| ७. | श्री दिनेश प्रसाद श्रेष्ठ | स्वतन्त्र संचालक |

**पदाधिकारी उपस्थिति :**

| | |
|---|---|
| श्री मुरलीधर तिवारी | आर्थिक सल्लाहकार |
| श्री रामकृष्ण बन्जारा | कम्पनी सचीव |
| श्री राम बहादुर रावल | व्यवस्थापक |

**शेयरधनीहरुको उपस्थिती :**

१. स्वयम् उपस्थित : ४७,०४,००,० कित्ता शेयरमा २९ जना उपस्थित

जम्मा उपस्थित ४७,०४,००,००८ कित्ता शेयरमा २९ जना उपस्थित

६.गणपुरक संख्याः

| विवरण | कुल संख्या | स्वयम् उपस्थित | जम्मा | जम्मा भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| शेयर संख्या | ७०,००,००० कित्ता | २९ जना ४७,०४,००,००८ कित्ता | २९ जना ४७,०४,००,००८ कित्ता | ६७.२ प्रतिशत |

**७. सभाको बैधानिकताः**

यो सभा कम्पनी ऐन २०६३ मा व्यवस्था भए वमोजिम बोलाइएको र दफा ७३(२) वमोजिम गणपुरक संख्या पुगेको हुँदा सभा बैधानिक भएको कुरामा शेयरधनीहरु सहमत हुनुभई विधिवत सभाको कारवाही अगाडि बढाइयो ।

**८. सभाको अध्यक्षता र सभा संचालनः**

सभाको प्रारम्भमा यस सभाको अध्यक्षता गरीदिन संचालक समितिका अध्यक्ष सुभाष अमात्यज्यूलाई कम्पनी सचीवले अनुरोध गर्नु भएपछि वहाँले सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

**१०. छलफलको लागि आव्हान :**

सो वार्षिक प्रतिवेदनको प्रस्तुती पछि सभाका सभापतिले शेयरधनी महानुभाबहरुलाई वार्षिक प्रतिवेदन तथा छलफलका अन्य बिषयमा आफ्ना जिज्ञासा, मन्तव्य सुझाव प्रस्तुत गर्न आमन्त्रण गर्नुभयो ।

धन्यवाद, जिज्ञासा मन्तव्य तथा सुझावहरुको निम्न वमोजिम प्रस्तुतीकरण :

**शेयरधनीका जिज्ञाशा तथा सुझावहरु**

**सभामा निम्न लिखित शेयरधनी महानुभावहरुले आ-आफ्ना जिज्ञासा तथा सुझावहरु :-** सभामा सर्वसाधारण शेयरधनीका तर्फबाछ नीरुपमा गुप्ताज्यूले लिखित रुपमा सुझाबहरु सभामा पेश गर्नु भयो र अन्य शेयरधनि महानुभावहरुले जिज्ञासा व्यक्त नगर्नु भएकोले कार्यक्रम अगाडी बढाउने निर्णय गरीयो ।

११. उल्लेखित छलफल पछि सभाबाट सर्व सम्मतिले भएका निर्णयहरु :

**(क) सामान्य प्रस्ताव अन्तर्गत भएका निर्णयहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको २०७८/७९ र ०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुले सर्वसम्मतिले २०७८/७९ र ०७९/०८० को वार्षिक प्रतिवेदन पारित गरियो ।

(२) आ.व. २०७८/७९ र ०७९/०८० को लेखा परीक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तिय विवरणहरु माथि छलफल गरि तालीबजाई पारित गरियो ।

(३) कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/०८० का लागि लेखापरिक्षको नियुक्तिको अनुमोदन र २०८०/०८१ को लागि लेखा परिक्षक FCA श्री सुब्रत ढकाल लाई नियुक्त गरी निजको पारिश्रमिक रु. ३,००,००० भ्याट बाहेका दिने निर्णय गरियो ।

(४) यस कम्पनीका सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन कार्यक्रम का लागि तोकिएका निर्वाचन अधिकृतज्यूले पेश गर्नु भएको निर्वाचन परिणामको प्रतिवेदन बमोजिम दुईजना सर्वसाधारण शेयरधनीहरु श्री यज्ञ प्रसाद सुवेदीज्यू र शेयरधनी श्री विजय होल्डिङ्स प्रा.लि.का तर्फबाट श्री अनिल बन्जाराज्यूलाई संचालक निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्ने निर्णय गरियो ।

(५) यस रिभर फल्स पावर लिमिटेडका संचालक समितिको बैठकमा उपस्थित पदाधिकारीहरुको मध्ये अध्यक्षको लागि प्रति बैंठक रु.७००० TDS बाहेक (अक्षरुपी सात हजार मात्र) र संचालक सदस्यहरु तथा कम्पनी सचीवको हकमा रु.६००० TDS बाहेक (अक्षरुपी छ हजार मात्र) बैठक भत्ता उपलब्ध गराउने भनि मिति २०८०/१२/२८ को संचालक समितिको बैठकले निर्णय गरेकोले सो निर्णय अनुमोदन गर्ने निर्णय गरीयो ।

(६) यस कम्पनीको संचालक समितिले विभिन्न समयमा गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**ख) विशेष प्रस्ताव उपर निर्णय :**

१. यस कम्पनीको ठेगाना परिवर्तन गरी का.म.न.पा. वडा नं. ०१ नागपोखरी, नक्शाल मा स्थानान्तरण गर्ने भएकोले सोहि अनुरुप प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ मा आवश्यक संशोधन गर्ने निर्णय गरियो ।

२. यस कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु. ७०,००,००,००० रहेकोमा सोको १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गरि चुक्तापूँजी रु.१,४०,००,००,००० गर्ने निर्णय गरियो ।

३. यस कम्पनीको प्रबन्धपत्रको दफा ६(क) संशोधन गरि अधिकृत पूँजी रु.१,४०,००,००,००० र जारी पूँजी रु. १,४०,००,००,००० वृद्धि गरी प्रबन्धपत्रको दफा ६(ख) संशोधन गर्ने निर्णय गरियो ।

४. प्रबन्धपत्र तथा नियमावली संशोधन र हकप्रद शेयरको सम्बन्धमा नियामक निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

(ख) **विविध ।**

१. यस कम्पनीमा श्री मित्रलाल श्रेष्ठले मिति २०७८ चैत्र ३० गतेको संचालक समितिको बैठकको निर्णयले यस रिभर फल्स पावर लिमिटेडको संचालक सदस्य पदमा आगामी मिति २०८१ आश्विन २६ गते सम्मका लागि नियूक्त गरेकोले सो निर्णय अमुमोदन गर्ने निर्णय गरियो ।

२. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा समक्ष राखिएका सम्पूर्ण प्रस्ताव उपर छलफल भई छलफलका विषयहरु समेत सम्पूर्ण पारित भई सकेकाले सभामा उपस्थित सबैलाई अध्यक्षज्यूले धन्यवाद दिदै कम्पनीको सातौ र आठौ वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

...............................

(सुभाष अमात्य)

अध्यक्ष